गण्डकी प्रदेश सरकार
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
पशु सेवा तालिम केन्द्र
पोखरा, नेपाल

प.सं.:-२०८०/०८१
च. नं.:- ४५

मितिः २०८०/०६/१५

**विषयः- तालिम प्रशिक्षार्थी सम्बन्धमा।**

श्री भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र - सबै।
गण्डकी प्रदेश।

प्रस्तुत विषयमा यस कार्यालयमा मिति २०८०/०६/२१ गतेदेखि २०८०/०६/२६ गतेसम्म सञ्चालन हुने कृषकस्तर १ हप्ते (६ कार्यदिन) **"व्यावसायिक कुखुरापालन तालिम"**मा तहाँ कार्यालयबाट तपसिलमा उल्लिखित संख्या अनुसार र यसै पत्रसाथ संलग्न प्रशिक्षार्थी छनोटका आधार बमोजिम प्रशिक्षार्थी छनोट गरी सो को विवरण मिति २०८०।०६।१८ गते कार्यालय समय भित्र यस कार्यालयमा पास हुने गरी पठाइदिनुहुन अनुरोध छ।

**तपसिलः**

| जिल्ला | नवलपरासी (ब.सु.पू.) | गोरखा | तनहुँ | लमजुङ | मनाङ | कास्की | स्याङजा | पर्वत | बाग्लुङ | म्याग्दी | मुस्ताङ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रशिक्षार्थी संख्या (जना) | २ | २ | २ | २ | १ | २ | २ | २ | २ | २ | १ |

नोटः सहभागीले नियमानुसार पाउने दैनिक भ्रमण भत्ता यसै कार्यालयबाट उपलब्ध गराइने छ। छनोट भएको प्रशिक्षार्थी तालिम सुरुहुने दिन विहान ९:३० भित्र तालिम केन्द्रमा उपस्थित भईसक्नु पर्नेछ। कुनै मनासिव कारण भएता पनि उक्त दिन दिउसो १:०० बजे पश्चात उपस्थित हुने छनोट भएको प्रशिक्षार्थीलाई तालिममा सहभागी गराइने छैन। प्रशिक्षार्थीले आफ्नो नागरिकताको प्रतिलिपि र व्यवसाय दर्ता गरेको भए सो सम्बन्धी कागजातहरुको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ।

डा. गृष्म नेउपाने
वरिष्ठ तालिम अधिकृत
(अधिकृतस्तर दशौं)

**थप जानकारी/असमर्थताको लागिः**
सम्पर्क व्यक्तिः श्री मनिष देवकोटा (मत्स्य विकास अधिकृत)
मोबाइल नं.: ९८५६०८२१९५

बोधार्थः
श्री पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, पोखरा।

☎061-574195 E-mail: rltcpokhara@gmail.com Web: https://www.ltcpokhara.gov.np

**व्यावसायिक कुखुरापालन तालिममा सहभागी हुने प्रशिक्षार्थी छनोटका आधारहरुः**

१. व्यवसाय दर्ता गरी कुखुरापालन गरिरहेको कृषक/व्यावसायी वा कुखुरा फर्ममा काम गरिरहेको व्यक्ति।

२. हालसम्म ५ कार्यदिन वा सो भन्दा लामो अवधिको कुखुरापालन तालिममा सहभागी नभएको।

३. लेखपढ गर्न जान्ने कृषक/व्यावसायी (एस.एल.सि. वा सो भन्दा माथिल्लो तहको योग्यता भएकोलाई प्राथमिकता दिने)।

४. २० वर्ष उमेर पुगेको र ५५ वर्ष उमेर ननाघेको।

डा. गृष्म नेउपाने
वरिष्ठ तालिम अधिकृत
(अधिकृतस्तर दशौं)